# श्री विश्व शान्ति माध्यमिक विद्यालय

## Shree Bishwa Shanti Secondary School

रूपा – ५, देउराली, कास्की

Rupa – 5, Deurali, Kaski

स्था: २०३२

प. सं. / L. No.: ०८३ / ८४

च. नं. / Ref. No.: १२

☎: ९८५६०८३३३८

मिति / Date: २०८३ / ०५ / २४

---

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

श्री सम्बन्धित सबैमा,

प्रस्तुत विषयमा यस श्री विश्वशान्ति माध्यमिक विद्यालय, रुपा गाउँपालिका – ५, देउराली, कास्कीमा माध्यमिक तह तृतीय श्रेणी विज्ञान विषयको १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम सो दरबन्दीमा शिक्षक सरुवा मार्फत पदपूर्ति गर्ने निर्णय भएकाले समान तह र श्रेणीमा कार्यरत स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध दिन) भित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ ।

विज्ञापन नं. ००१-०८३/८४

**पेश गर्नुपर्ने कागजातहरू:**

१. सरुवाको लागि निवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।

४. स्थायी /अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

५. यस अघि सरुवा भएका शिक्षकका हकमा सरुवा र रमाना पत्रको प्रतिलिपि ।

६. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि

७. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात

८. असाधारण तथा बेतलबी विदा लिए नलिएको सम्बन्धि कागजात ।

९. कार्यरत विद्यालयको सहमति पत्र । विद्यालय व्यवस्थापन समितिको सरुवा सहमति प्रदान गरेको निर्णय सहित) ।

१०. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।

११. शिक्षा नियमावली २०५९ (दशौं संशोधन) बमोजिम प्राथमिकता दाबी गर्न प्रमाण कागजात (आवश्यक भएमा) ।

१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको प्रमाणित फारम ।

**निवेदन दिने अन्तिम मिति २०८३/०६/०७ गते विद्यालय समय भित्र ।**

- *उक्त अवधि भित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली २०५९ (दशौं संशोधन) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।*
- *निवेदन इमेल मार्फत पनि दिन सकिनेछ । [shreebishwashantimabi@gmail.com]*
- सम्पर्क नं. ९८५६०८३३३८ (प्रधानाध्यापक)

.....................

श्री लेलिन घिमिरे

नि. प्रधानाध्यापक

**बोधार्थ**

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, कास्की, जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।

२. श्री रुपा गाउँपालिका, फालभञ्ज्याङ, कास्की, जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।

३. श्री रुपा गाउँपालिका, ५ नं. वडा कार्यालय, देउराली, कास्की जानकारीका लागि ।

CS Scanned with CamScanner